# जिल्ला समन्वय समितिको कार्यालय

खोटाङ, दिक्तेल

कोशी प्रदेश

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) बमोजिम गरिएको स्वतः प्रकाशन

(आ.ब. २०८२ श्रावण १ गते देखि २०८२ आश्विन मसान्तसम्म)




२०८२ मंसीर

# जिल्ला समन्वय समितिको कार्यालय

खोटाङ, दिक्तेल कोशी प्रदेश

## विषय सूची


१. जिल्ला समन्वय समितिको स्वरुप वा प्रकृतिः .......... १

२. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारहरू सम्बन्धी कानूनी व्यवस्थाः .......... १

३. जिल्ला समन्वय समितिको संगठन संरचना एवम् कर्मचारी संख्या र कार्य विवरणः .......... ४

.......... ४

४. जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवाहरूः .......... ६

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः .......... ६

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः .......... ६

७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः .......... ६

८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः .......... ६

.९ सम्पादन गरेको कामको विवरण : (आ.व. २०८२/०८३ श्रावण देखि असोज मसान्तसम्म) ... ७

१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः .......... ७

११. ऐन, नियम, निर्देशिका आदिको सूचीः .......... ७

१२. तोकिए बमोजिमका अन्य .......... ९

१३. जिल्ला समन्वय समितिको वेवसाइटः .......... ९

१४. जिल्ला समन्वय समितिले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः .......... ९

१५. जिल्ला समन्वय समितिले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः .......... ९

१६. कार्यालयको आम्दानी तथा खर्चको त्रैमासिक विवरणः .......... ८

१७. जिल्ला समन्वय समितिले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः .......... ९

१८. जिल्ला समन्वय समितिमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरणः .......... १०

१९. जिल्ला समन्वय समितिका सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरणः .......... १०

# जिल्ला समन्वय समितिको कार्यालय

खोटाङ, दिक्तेल　　　　　　　　　　　　　कोशी प्रदेश

## स्वतः प्रकाशन

(Proactive Disclosure)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायकले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण स्वतः प्रकाशन (Proactive Disclosure) गर्ने रहेको छ । यसै पृष्ठभूमिमा जिल्ला समन्वय समितिको कार्यालय, खोटाङबाट आ.व. ०८२/८३ को श्रावणदेखि असोज मसान्तसम्ममा सम्पादित मुख्य कामको विवरण प्रस्तुत गरिएको छ।

जिल्ला समन्वय समितिको कार्यालय,
खोटाङ

## १. जिल्ला समन्वय समितिको स्वरुप वा प्रकृतिः

जिल्ला समन्वय समितिको कार्यालयमा निर्वाचित जनप्रतिनिधिहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्दछन्। नेपालको संविधानको धारा २२० (१) मा भएको व्यवस्था बमोजिम जिल्लाभित्रका पालिकाहरूबीच समन्वय गर्न जिल्ला सभाको गठन भएको हो । जिल्ला सभाले एक जना प्रमुख, एक जना उप-प्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सदस्य रहेको नौ सदस्यीय जिल्ला समन्वय समितिको निर्वाचन गर्ने व्यवस्था छ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गरिने सम्पूर्ण कार्यको सम्पादन गर्ने व्यवस्था समेत रहेको देखिन्छ । खोटाङ जिल्ला समन्वय समितिमा प्रमुख, उप-प्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ। खोटाङ जिल्ला समन्वय समितिको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक नियमित रुपमा बस्ने गरेको छ भने आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ । केन्द्र सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरूको कार्यान्वयन तथा दैनिक प्रशासन सञ्चालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्वितीय श्रेणी)को नेतृत्वमा निजामती, स्थायी तथा करार सेवा तर्फको कर्मचारीहरू कार्यरत रहेका छन्। नेपालको संविधानका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफ ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ।

## २. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारहरू सम्बन्धी कानूनी व्यवस्थाः

तीन तहका सरकारहरू बीच समन्वयकारी भूमिकामा रहेका जिल्ला समन्वय समितिका काम, कर्तव्य र अधिकारहरूसम्बन्धी देहायअनुसारको व्यवस्था रहेको छः

**(क) नेपालको संविधानको धारा २२० अनुसारका काम, कर्तव्य र अधिकारहरूः**

- जिल्ला भित्रका गाउँपालिकाहरूबीच समन्वय गर्ने।
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमनको कार्य गर्ने।
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिकाहरूबीच समन्वय गर्ने।
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने।

**(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका काम, कर्तव्य र अधिकारहरूः**

- जिल्ला भित्रका पालिकाबीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने।

- जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने।
- जिल्लाभित्रका पालिकाहरूको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने।
- जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र पालिकाबीच समन्वय गर्ने।
- जिल्ला भित्रका पालिकाबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानको लागि समन्वय तथा सहजीकरण गर्ने।
- जिल्ला भित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने।
- जिल्ला भित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने।
- जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित पालिकालाई सुझाव दिने।
- आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने।
- जिल्ला भित्रको विकास तथा निर्माण कार्यलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने।
- नेपाल सरकार र प्रदेश सरकारले तोकेका आवश्यक कार्य गर्ने/गराउने।

## जिल्ला समन्वय समितिको दरवन्दी तेरिज

जिल्ला समन्वय समितिको कार्यालय, (७७ जिल्ला) को प्रस्तावित दरवन्दी तेरिज

| क.सं. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | प्रति जि.स.स. को दरबन्दी | ७७ जि.स.स. को दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | | १ | ७७ | |
| २ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | | १ | ७७ | |
| ३ | इन्जिनियर | रा.प. तृतीय | इन्जि. | सिभिल | जनरल | १ | ७७ | |
| ४ | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | | १ | ७७ | |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | | १ | ७७ | |
| ६ | सव इन्जिनिरयर | रा.प.अनं. प्रथम | इन्जि. | सिभिल | जनरल | १ | ७७ | |
| ७ | खरिदार | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | | १ | ७७ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | सा.प्र. | | ३ | २३१ | |
| ९ | ह.स.चा | श्रेणीविहिन | इन्जि. | मेकानिकल | ज.मे. | २ | १५४ | |
| | जम्मा | | | | | १२ | ९२४ | |


करार सेवा प्रयोजन

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | ना.सु | रा.प. अनं. प्रथम | प्रशासन | सा.प्र. | | १ | | करार |

प्रमुखको निजि सचिवालयमा रहने रा.प. अनं. प्रथम श्रेणीको पदमा जिल्ला समन्वय समितिको कुनै कर्मचारीलाई खटाउन वा करारमा नियुक्त गर्न सक्नेछ ।यसरी करारमा नियुक्त गरेको कर्मचारी प्रमुखको पदावधि समाप्त भएमा स्वत: अवकाश हुनेछ ।

दिनोद्ध प्रकाश सिंह
सचिव

## ३. जिल्ला समन्वय समितिको संगठन संरचना एवम् कर्मचारी संख्या र कार्य विवरणः




जिल्ला समन्वय समिति खोटाङमा प्रमुख र उप-प्रमुखसहित ९ जना पदाधिकारीहरू, निजामती सेवाका ६ जना स्थायी र ५ जना करार गरी जम्मा ११ जना कर्मचारीहरूको विवरण देहायबमोजिम रहेको छः

# जिल्ला समन्वय समितिको कार्यालय

खोटाङ, दिक्तेल कोशी प्रदेश

### अ. जिल्ला समन्वय समितिका पदाधिकारीहरूको विवरण

| क्र.सं. | पदाधिकारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १ | श्री सन बहादुर राई | प्रमुख |
| २ | श्री सुरेश कुमार तामाङ | उप-प्रमुख |
| ३ | श्री दुर्गा प्रसाद घिमिरे | सदस्य |
| ४ | श्री ज्ञानेन्द्र राई | सदस्य |
| ५ | श्री कला राई | सदस्य |
| ६ | श्री विष्णुकला राई | सदस्य |
| ७ | श्री मोहन राई | सदस्य |
| ८ | श्री चमेली विश्वकर्मा | सदस्य |
| ९ | श्री दिलकुमारी राई | सदस्य |

### आ. निजामति सेवाका कर्मचारीहरूको विवरणः

| क्र.सं. | कर्मचारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १ | श्री अनुनय बाँस्तोला | जि.स.अ./रा.प.द्वि. |
| २ | श्री अम्बर काजी जोन्छे | इन्जिनियर |
| ३. | श्री सिताराम आचार्य | नायब सुब्बा |
| ४. | श्री सबिन राउत | लेखापाल |
| ५. | श्री संजय कुमार कलवार | सब-इन्जिनियर |
| ६. | श्री सुमन बास्तोला | खरिदार |

### इ. करार सेवामा कार्यरत कर्मचारीहरूको विवरणः

| क्र.सं. | कर्मचारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १ | श्री दुर्गा राई | जि.स.स. प्रमुखको स्वकीय सचिव |
| २ | श्री सन्तोष ढकाल | ह.स.चा. |
| ३ | श्री प्रेम बहादुर कार्की | कार्यालय सहयोगी |
| ४ | श्री गणेश आचार्य | कार्यालय सहयोगी |
| ५ | श्री लक्ष्मण राई | कार्यालय सहयोगी |

## ४. जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवाहरूः

जिल्ला समन्वय समितिबाट प्रचलित ऐन, नियम, कानून अनुरूप देहायबमोजिमका सेवाहरू प्रदान गर्रिदै आइएको छः

- ❖ नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ साथै संघीय र प्रदेश कानून बमोजिमका सेवाहरू।
- ❖ नागरिक बडापत्र तयार गरी कार्यान्वयन गरिएको।
- ❖ स्वतः प्रकाशन ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

| क्र.सं. | शाखा | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १. | अनुगमन तथा मूल्याङ्कन | ई. श्री अम्बर काजी जोन्छे | |
| २. | व्यवस्थापन तथा सूचना | ना.सु. श्री सिताराम आचार्य | |
| ३. | आर्थिक प्रशासन | ले.पा. श्री सबिन राउत | |
| ४. | स्टोर, सूचना अधिकारी | खरिदार श्री सुमन बास्तोला | |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः

जिल्ला समन्वय समितिले प्रदान गर्ने सेवाहरू निःशुल्क रुपमा प्रवाह हुने व्यवस्था रहेको।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

- ❖ शाखासँग सम्बन्धित नियमित कामहरूको निर्णय शाखा प्रमुखबाट हुने।
- ❖ शाखा प्रमुखबाट हुन नसकेका निर्णय र कार्यालय प्रमुखबाटै निर्णय हेर्न भनी तोकिएको विषयमा कार्यालय प्रमुखबाट निर्णय हुने।
- ❖ नीतिगत विषयका निर्णयहरू जिल्ला समन्वय समितिबाट हुने।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- ❖ जिल्ला समन्वय अधिकारीको निर्णय सम्बन्धी उजुरी - जिल्ला समन्वय समिति प्रमुख
- ❖ कार्यालयको दैनिक कामकाज सम्बन्धमा भएको निर्णयसम्बन्धी उजुरी - जिल्ला समन्वय अधिकारी
- ❖ अन्य विषयसँग सम्बन्धित उजुरीहरूः- प्रचलित कानून बमोजिम

## ९. सम्पादन गरेको कामको विवरण : (आ.व. २०८२/०८३ श्रावण देखि असोज मसान्तसम्म)

- जिल्ला समन्वय समितिको बैठक महिनाको एकपटक सम्पन्न हुँदैआएको।
- विभिन्न समितिको बैठक सम्पन्न।
- संघ, प्रदेश तथा स्थानीय तहका विभिन्न योजनाहरूको अनुगमन कार्य।
- जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय अनुसन्धान, मालपोत कार्यालयलाई डिजाईन ईस्टिमेट लगायतको प्राविधिक सहयोग गरिएको।

## १०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

- कार्यालय प्रमुख : श्री अनुनय बाँस्तोला– जिल्ला समन्वय अधिकारी
- सूचना अधिकारी : श्री सुमन बास्तोला – खरिदार

## ११. ऐन, नियम, निर्देशिका आदिको सूचीः

- नेपालको संविधान
- संघ, प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४
- जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५
- वातावरण संरक्षण ऐन, २०७६ (नेपाल सरकार)
- वातावरण संरक्षण नियमावली, २०७७ (नेपाल सरकार)
- ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (नेपाल सरकार)
- जिल्ला समन्वय समितिको समन्वय तथा अनुगमन कार्यविधि, २०८० (नमूना कार्यविधि, जिसस महासंघ)
- स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली, २०७७
- प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७८
- साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली, २०७८
- जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ कोशी प्रदेश

# जिल्ला समन्वय समितिको कार्यालय

खोटाङ, दिक्तेल कोशी प्रदेश

## १२. कार्यालयको आम्दानी तथा खर्चको त्रैमासिक विवरण:

नेपाल सरकार

म.ले.प. फाराम नं:२१०

जिल्ला समन्वय समितिको कार्यालय, खोटाङ
कार्यालय कोड नं: ३६५०००८०१
खर्चको फाँटवारी

बजेट उपशीर्षक नम्बर: ३६५००१०५३
आयोजना/कार्यक्रम नाम: जिल्ला समन्वय समितिको कार्यालयहरु

आर्थिक वर्ष: २०८२/८३
महिना: असोज

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 1.3.5.12 कार्यक्रम खर्च (वार्षिक प्रगति समीक्षा तथा स्थानीय तहको अनुभव आदान प्रदान सहित) | | | | | ६००,०००.०० | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | ६००,०००.०० |
| | 1100001-नेपाल सरकार | 02-नगद (आन्तरिक ऋण) | | | ६००,०००.०० | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | ६००,०००.०० |
| 1.3.5.13 अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च | | | | | १,३००,०००.०० | २०७,५००.०० | ७२,७५०.०० | १३४,७५०.०० | २०७,५००.०० | ०.०० | २०७,५००.०० | १,०९२,५००.०० |
| | 1100001-नेपाल सरकार | 02-नगद (आन्तरिक ऋण) | | | १,३००,०००.०० | २०७,५००.०० | ७२,७५०.०० | १३४,७५०.०० | २०७,५००.०० | ०.०० | २०७,५००.०० | १,०९२,५००.०० |
| 1.3.5.5 पारिश्रमिक (स्वीकृत दरबन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स. पदाधिकारीको सुविधा) | | | | | १०,४००,०००.०० | २,४०२,७८७.०८ | १,७२४,२१३.६४ | ६७८,५७३.४४ | २,४०२,७८७.०८ | ०.०० | २,४०२,७८७.०८ | ७,९९७,२१२.९२ |
| | 1100001-नेपाल सरकार | 02-नगद (आन्तरिक ऋण) | | | १०,४००,०००.०० | २,४०२,७८७.०८ | १,७२४,२१३.६४ | ६७८,५७३.४४ | २,४०२,७८७.०८ | ०.०० | २,४०२,७८७.०८ | ७,९९७,२१२.९२ |
| 1.3.5.6 नीजि सचिवालय करार कर्मचारी (१ जना) | | | | | ४६२,०००.०० | १०४,१९०.०० | १०४,१९०.०० | ०.०० | १०४,१९०.०० | ०.०० | १०४,१९०.०० | ३५७,८१०.०० |
| | 1100001-नेपाल सरकार | 02-नगद (आन्तरिक ऋण) | | | ४६२,०००.०० | १०४,१९०.०० | १०४,१९०.०० | ०.०० | १०४,१९०.०० | ०.०० | १०४,१९०.०० | ३५७,८१०.०० |
| 1.3.5.9 अनिवार्य दायित्व सहितका कार्यालय संचालन खर्च (पानी बिजुली, संचार महसुल, ईन्धन, मर्मत, | | | | | ३,७००,०००.०० | ८२९,४१२.८४ | २७६,३७९.८४ | ५५३,०३३.०० | ८२९,४१२.८४ | ०.०० | ८२९,४१२.८४ | २,८७०,५८७.१६ |
| | 1100001-नेपाल सरकार | 02-नगद (आन्तरिक ऋण) | | | ३,७००,०००.०० | ८२९,४१२.८४ | २७६,३७९.८४ | ५५३,०३३.०० | ८२९,४१२.८४ | ०.०० | ८२९,४१२.८४ | २,८७०,५८७.१६ |
| जम्मा | | | | | १६,४६२,०००.०० | ३,५४३,८८९.९२ | २,१७७,५३३.४८ | १,३६६,३५६.४४ | ३,५४३,८८९.९२ | ०.०० | ३,५४३,८८९.९२ | १२,९१८,११०.०८ |

स्रोतगत जम्मा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | | १६,४६२,०००.०० | ३,५४३,८८९.९२ | २,१७७,५३३.४८ | १,३६६,३५६.४४ | ३,५४३,८८९.९२ | ०.०० | ३,५४३,८८९.९२ | १२,९१८,११०.०८ |
| | 02-नगद (आन्तरिक ऋण) | १६,४६२,०००.०० | ३,५४३,८८९.९२ | २,१७७,५३३.४८ | १,३६६,३५६.४४ | ३,५४३,८८९.९२ | ०.०० | ३,५४३,८८९.९२ | १२,९१८,११०.०८ |
| जम्मा | | १६,४६२,०००.०० | ३,५४३,८८९.९२ | २,१७७,५३३.४८ | १,३६६,३५६.४४ | ३,५४३,८८९.९२ | ०.०० | ३,५४३,८८९.९२ | १२,९१८,११०.०८ |

तयार गर्ने : ........
नाम:
पद :
मिति :

पेस गर्ने : ........
नाम:
पद :
मिति :

प्रमाणित गर्ने: ........
नाम :
पद:
मिति :
०८२/०८/२५

Printed By: sabinraut

Printed Date: Dec 11, 2025 12:24 PM

Page 1 / 1

## १३. तोकिए बमोजिमका अन्य विवरणः

- ❖ संघीय सरकार र प्रदेश सरकारका मन्त्रालय र विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिमका कार्यहरू समापन गरेको।
- ❖ विपद व्यवस्थापन समिति, लघु उद्यम विकास समिति, जिल्ला खानेपानी सरसफाई तथा स्वच्छता समिति, भूकम्प पूननिर्माण समन्वय समिति, प्राकृतिक स्रोतको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति लगायतका समितिमा तोकिएबमोजिम जिल्ला समन्वय समितिको प्रतिनिधित्व भएको।

## १४. जिल्ला समन्वय समितिको वेवसाइटः

जिल्ला समन्वय समितिको वेवसाइट देहाय बमोजिमको रहेको छः

**www.dcckhotang.gov.np**

## १५. जिल्ला समन्वय समितिले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः

यस अवधिमा कुनै पनि प्रकारको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी कार्य भएको छैन।

## १६. जिल्ला समन्वय समितिले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तोकिए बमोजिमका कार्यहरू गर्न प्रत्येक महिना जिल्ला समन्वय समितिका पदाधिकारीज्यूहरूको नियमित बैठक बस्ने गरेको । आवश्यकता अनुसार समय समयमा बैठक बस्ने गरेको। जिल्ला समन्वय समितिले खोटाङ जिल्ला भित्रका सरकारी तथा गैरसरकारी कार्यालय एवं संघसंस्थाहरूको कार्यप्रगति सम्बन्धी समीक्षा कार्यक्रम प्रतिवेदन सार्वजनिक गर्ने गरेको।

## १७. जिल्ला समन्वय समितिले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः

- ❖ जिल्ला समन्वय समितिका सबै सूचनाहरू वेवसाइट, फेसबुक जस्ता विद्युतीय माध्यमबाट हेर्न सकिने व्यवस्था रहेको छ।

**१८. जिल्ला समन्वय समितिमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरणः**

सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम सरोकारवालाहरूबाट लिखित वा मौखिक जुनसुकै रुपमा माग भएका सूचनाहरू यथाशीघ्र उपलब्ध गराइएको छ।

**१९. जिल्ला समन्वय समितिका सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरणः**

- जिल्ला समन्वय समितिका सबै गतिविधिहरू वेवसाईट, फेसबुक पेज, इमेल, कार्यालयको सूचना पार्टी आदि मार्फत् नियमित रुपमा अद्यावधिक गरी सूचना प्रवाह गर्ने गरिएको।
  - वेवसाईटः www.dcckhotang.gov.np
  - फेसबुक आइडी: जिल्ला समन्वय समिति खोटाङ
  - फेसबुक पेज: जिल्ला समन्वय समिति, खोटाङ
  - इमेलः mail.ddckhotang@gmail.com